# लेटाङ नगरपालिका

## स्थानीय राजपत्र

खण्डः७ संख्याः९ मितिः२०८०।१२।२८

भाग -२

लेटाङ नगरपालिका

# लेटाङ नगरपालिकाको प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८०

लेटाङ नगरपालिका

**लेटाङ नगरपालिकाको प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८०**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।२६**

**प्रमाणीकरण मितिः २०८०।१२।२८**

**पहिलो संशोधन २०८३।१।२१**

**प्रस्तावना**

लेटाङ नगरपालिकाको सामुदायिक विद्यालयहरूमा प्राज्ञिक र प्रशासकीय प्रमुखको रूपमा काम गर्न खुला प्रतिश्पर्धाबाट प्रधानाध्यापकको नियुक्ति गरी विद्यालयको शैक्षिक एवम् प्रशासनिक व्यवस्थापन र गुणस्तर सुधार गर्न लेटाङ नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ३८ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट प्रधानाध्यपक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद १

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम लेटाङ नगरपालिकाको प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि लेटाङ नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।

(३) यो कार्यविधि लेटाङ नगरपालिकाको नगरकार्यपालिकाले पारित गरेर स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

(१) **"अधिकृत"** भन्नाले संघीय सरकार, प्रदेश सरकार वा स्थानीय सरकारमा स्थायी रूपमा कार्यरत वा अवकास प्राप्त अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ।

(२) **" ऐन"** भन्नाले शिक्षा ऐन २०२८ सम्झनुपर्छ।

(३) **“कामकाज भन्नाले”** कार्यरत विद्यालयमा पदाधिकार दरबन्दी रहे तापनि अर्को विद्यालयमा प्रधानाध्यापक वा शिक्षकको रुपमा काम गर्न खटाउने व्यवस्था सम्झनुपर्छ।

(४) **"कार्यविधि"** भन्नाले प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि २०८० सम्झनुपर्छ।

(५) **“कार्यपालिका”** भन्नाले लेटाङ नगरपाललिका नगर कार्यपालिका सम्झनुपर्छ।

(६) **"छनौट समिति"** भन्नाले प्रधानाध्यापक छनौटको मापदण्ड अनुसार योग्य उम्मेद्वार सिफारिस गर्न गठित विद्यालय र नगर स्तरीय समितिलाई सम्झनुपर्छ।

(७) **"नगरपालिका"** भन्नाले लेटाङ नगरपालिका मोरङ सम्झनुपर्छ।

(८) **"प्रधानाध्यापक"** भन्नाले नगरपालिकाको विद्यालयमा प्राज्ञिक र प्रशासनिक नेतृत्वको काम गर्न नियुक्त शिक्षकलाई सम्झनुपर्छ।

(९) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले विद्यालयको व्यवस्थापन गर्न नगरपालिकाको विद्यालयहरूमा गठित समिति सम्झनुपर्छ।

(१०) **"शिक्षक"** भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापकलाई सम्झनुपर्छ। र सो शब्दले प्रधानाध्यापक समेतलाई सम्झनुपर्छ।

(११) " शिक्षा **ऐन"** भन्नाले लेटाङ नगरपालिकाको शिक्षा ऐन २०७६ सम्झनुपर्छ।

(१२) "शिक्षा नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनुपर्छ।

(१३) **“शिक्षा कार्यविधि”** भन्नाले लेटाङ नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि २०७४ लाई सम्झनुपर्छ।

(१४) **"संस्थागत"** विद्यालय भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(१५) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

## परिच्छेद २ उद्देश्य

३. **कार्यविधिको उद्देश्यः** कार्यविधिका निम्न उद्देश्यहरु रहेका छन्।

(१) खुला प्रतिश्पर्धाबाट योग्य र सक्षम प्रधानाध्यापक छनौट गरी सामुदायिक विद्यालय सुधारमा सहयोग गर्ने,

(२) प्रधानाध्यापकको आवधिक नियुक्तिको कानुनी व्यवस्था कार्यान्वयन गरी नेतृत्व विकास प्रणालीको विकास गर्ने,

(३) विद्यालयको सञ्चालन र व्यवस्थापनमा प्रधानाध्यापकलाई थप जवाफदेही बनाउने,

(४) सन्तुलित जनशक्ति व्यवस्थापन, स्रोतको अधिकतम परिचालन, शैक्षिक क्रियाकलाप र सिकाइमा नविनतम प्रविधि विकास एवम् प्रयोग मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,

(५) विद्यालयको सर्वाङ्गीण विकास गरी सक्षमता अभिवृद्धि गर्न विद्यालयको शासकीय पक्षमा सुधार गर्ने।

## परिच्छेद ३ प्रधानाध्यापकको पद

४. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) विद्यालयको शैक्षिक, प्राज्ञिक र प्रशासनिक कार्यको नेतृत्व गर्न विद्यालयमा एक जना प्रधानाध्यापकको व्यवस्था हुनेछ। प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासकीय प्रमुख हुनेछ।

(२) प्रधानाध्यापकको कार्यकाल ५ वर्षको हुनेछ। कार्यकाल गणना गर्दा कार्यविधि अनुसार करार नियुक्ति भएको मितिदेखि गणना गरिनेछ। यस कार्यविधि अनुसार पुनः नियुक्ति हुन सक्नेछन्।

(३) प्रधानाध्यापकको पद रिक्त हुने अवस्थाहरू।

(क) उपदफा (२) अनुसार कार्यकाल पूरा भएमा,

(ख) निजले प्रधानाध्यापक पदबाट व्यवस्थापन समिति समक्ष राजिनामा दिएमा,

(ग) प्रधानाध्यापक जुनसुकै कारणले शिक्षक पदमा नरहेमा,

(घ) कार्यरत प्रधानाध्यापकले कार्यसम्पादन सन्तोषजनक गर्न नसकेको वा करार बमोजिम कार्यसम्पादन कमजोर भएको कारण विद्यालय सुधार गर्न नसकेकोले पदबाट हटाउनु पर्ने आधार सहित विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउने निर्णय सहित नगरपालिका समक्ष सिफारिस गरेको कुरा छानबीन गर्दा कार्यसम्पादन कमजोर भएको पर्याप्त आधार पाइएमा नगरपालिकाबाट पदमुक्त गराउने निर्णय समर्थन भएमा,

(ङ) पदीय र नैतिक आचरण विपरितको काम गरेको भनि अभियोग लागेको अवस्थामा पदबाट निलम्बन भएमा,

तर अदालतबाट सफाइ पाएमा अदालतको निर्णयअनुसार हुनेछ।

(च) कार्यरत प्रधानाध्यापकको मृत्यु भएमा,

(छ) यो कार्यविधि लागू भएको २ दुई शैक्षिक शत्र २०८२ पछि यस कार्यविधिमा तोकिएको शैक्षिक योग्यता पूरा नगरेका कार्यविधि लागुहुनु पूर्व नियुक्ति भइ कार्यरत प्रधानाध्यापकको पद स्वतः रिक्त भएको मानिनेछ।

यस खण्ड (छ) बमोजिम रिक्त पदमा शैक्षिक सत्र सुरू हुनु भन्दा एक महिना अघि नियुक्ति प्रक्रिया सुरू गरी शैक्षिक सत्र २०८३ मा सबै विद्यालयमा यस कार्यविधि अनुसार प्रधानाध्यापक नियुक्ति गरी सक्नु पर्नेछ। अन्य खण्डको हकमा रिक्त भएको समयमा नियुक्ति प्रक्रिया अघि बढाउनुपर्नेछ।

(४) विद्यालयमा कार्यबोझको आधारमा विद्यालय व्यवस्थापन समितिले बढीमा २ जना सहायक प्रधानाध्यापकको पद सिर्जना गरी नियुक्ति गर्न सक्नेछ। सहायक प्रधानाध्यापकको नियुक्ति

गर्न प्रधानाध्यापक नियुक्ति कार्यविधिको मापदण्ड अनुसार मूल्याङ्कन गरी विद्यालयले गर्नुपर्नेछ।

(५) सहायक प्रधानाध्यापकको सेवा सुविधा विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ।

(६) कार्यविधि लागु भएपछि प्रधानाध्यापक, सहायक प्रधानाध्याप र अन्य शिक्षकले ऐन, शिक्षा ऐन र शिक्षा नियमावलीमा तोकेको न्यूनतम कक्षा अनिवार्य लिने गरी कार्यविभाजन गर्नुपर्नेछ।

लेटाङ नगरपालिका

## परिच्छेद ४

## प्रधानाध्यापकको नियुक्ति

**५. प्रधानाध्यापक नियुक्ति प्रकृयाः** (१) प्रधानाध्यापक पद रिक्त भएको विद्यालयले नगरपालिकासँग समन्वय गरी दफा ६ को योग्यता पुगेका शिक्षकहरू मध्येबाट खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापकको पदमा करार नियुक्ति गर्नका लागि १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा प्रथम पटक सम्बन्धित विद्यालयको योग्यता पुगेका शिक्षकहरूका लागि मात्र गर्नु पर्नेछ।

(३) उपदफा (२) अनुसार योग्यता पुगेका शिक्षकहरूबाट दरखास्त नपरेमा वा सिफारिस हुन नसकेमा दोस्रो पटक सम्बन्धित वडा भित्रका विद्यालयका शिक्षकहरूका लागि मात्र गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) अनुसार शिक्षकहरूबाट कुनै दरखास्त नपरेमा वा सिफारिस हुन नसकेमा तेस्रो पटक नगपालिका क्षेत्रमा कार्यरत योग्यता पुगेका शिक्षकहरूका लागि गर्नु पर्नेछ।

(५) उपदफा (२),(३) र (४) अनुसार छनौट प्रतिश्पर्धामा सहभागी उमेद्वारहरूको परीक्षा वा मूल्याङ्कन २ चरणमा गरिनेछ।

(६) दफा (४) उपदफा (३) को खण्ड (छ) अनुसार रिक्त हुने प्रधानाध्यापक पदमा नगरपालिकासँग समन्वय गरी सबै विद्यालयको प्रधानाध्यापक छनौट गर्न नगरपालिकाबाटै एकैपटक उपदफा २, ३ र ४ अनुसार चरण चरणमा विज्ञापन र मूल्याङ्कन गर्न बाधा पर्नेछैन।

**६. प्रधानाध्यापकको योग्यताः** (१) नगरपालिकाभित्र कार्यरत देहायको योग्यता पुगेका शिक्षकहरू प्रद्यानाध्यापकका लागि योग्य मानिनेछ।

क) आधारभूत तह (कक्षा १-५) प्राथमिक विद्यालय

अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको

आ) प्राथमिक तहको स्वीकृत दरबन्दीमा शिक्षकको रूपमा ५ वर्ष कार्य अनुभव भएको

इ) विगत दुई बर्षदेखि ऐन, शिक्षा ऐन वा अन्य कानुनअनुसार कुनै सजाय नपाएको,

ई) ऐन तथा नियमावलीले प्रतिवन्ध गरेको क्रियाकलापमा संलग्न नभएको,

उ) उच्च नैतिक चरित्र भएको

ख) आधारभूत तह (कक्षा १-८) विद्यालय

अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

आ) निम्न माध्यमिक तहको स्वीकृत दरबन्दीमा शिक्षकको रूपमा ५ वर्ष कार्य अनुभव भएको

इ) विगत दुई बर्षदेखि ऐन, शिक्षा ऐन वा अन्य कानुनअनुसार कुनै सजाय नपाएको,

ई) ऐन तथा नियमावलीले प्रतिवन्ध गरेको क्रियाकलापमा संलग्न नभएको,

उ) उच्च नैतिक चरित्र भएको

ग) माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालय

अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको

आ) माध्यमिक तहको स्वीकृत दरबन्दीमा शिक्षकको रूपमा ५ वर्ष कार्य अनुभव भएको

इ) विगत दुई बर्षदेखि ऐन, शिक्षा ऐन वा अन्य कानुनअनुसार कुनै सजाय नपाएको,

ई) ऐन तथा नियमावलीले प्रतिवन्ध गरेको क्रियाकलापमा संलग्न नभएको,

उ) उच्च नैतिक चरित्र भएको

∞....... ६.क) खण्ड ख) को अ) र ग) को अ) को शैक्षिक योग्यता पुगेको शिक्षक सम्बन्धित विद्यालयमा उपलव्ध नभएमा सम्बन्धित तहको न्यूनतम योग्यता पुगेको शिक्षकको योग्यता पुगेको मानिनेछ।

∞....... (२) उपदफा (१) को (क), (ख) र (ग) को व्यवस्था अनुसार अनुमति प्राप्त तहको स्वीकृत दरबन्दी नभएको वा भएको तर आवेदन नदिएमा तह अनुसार उच्च मा.शि., माशि, निमाशि र प्राशि राहात वा अनुदान दरबन्दी वा कोटामा कार्यरत शिक्षक सम्बन्धित तहका लागि तोकिएको शैक्षिक योग्यता पुगेमा त्यस्तो शिक्षक प्रधानाध्यापकको उम्मेद्वार बन्न सक्नेछन। तर राहात वा अनुदानको शिक्षकले यस उपदफा अनुसारका योग्यता पुगेका शिक्षकहरूसँग मात्र प्रतिश्पर्धा गर्न पाउनेछन्।

(३) कुनै विद्यालयमा उपदफा (१) र (२) मा तोकिएको तह अनुसार स्वीकृत दरबन्दी उपलब्ध नभएमा आधारभूत र माध्यमिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति गर्ने प्रयोजनका लागि मात्र सोही विद्यालयका प्रा.शि. द्वितीय श्रेणीलाई नि.मा.शि. तृतीय, प्रा.शि. प्रथमलाई मा.शि.तृतीय र नि.मा.शि. द्वितीयलाई मा.शि.तृ. सरहको शिक्षकको मान्याता दिइ शैक्षिक योग्यता पुगेको हकमा माथिल्लो तहको लागि प्रतिश्पर्धा गर्न योग्य मानिनेछ। यस उपदफा अनुसार योग्यता पुगेका शिक्षकले यसै उपदफा अनुसार योग्यता पुगेका शिक्षकसँग मात्र प्रतिश्पर्धा गर्नुपर्नेछ।

तर उपदफा (२) र (३) दरवन्दी मिलान र पुनर्वितरण भइ तहगत स्वीकृत दरवन्दी प्राप्त नभए सम्मका लागि मात्र लागु हुने विशेष व्यवस्था भएकोले दरवन्दी प्राप्त हुनासाथ समाप्त हुनेछ। त्यसरी नियुक्ति भएका प्रधानाध्यापकको पद समेत स्वत रिक्त भएको मानिनेछ।

∞... *पहिलो संशोधन बाट संशोधन भएको*

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि १ वर्ष सेवा अवधी पूरा गरेका स्थायी शिक्षकलाई सेवा अवधि पूरा नभएको कारणले मात्र सम्बन्धित प्रतिश्पर्धाबाट बञ्चित गरिने छैन।

**७. दरखास्त दिनेः** (१) दफा ६ को योग्यता पुगेका शिक्षकहरूले तोकिएको समयभित्र निम्न कागजात सहित सूचनामा तोकिएको स्थानमा दरखास्त दिनुपर्नेछ।

(क) विद्यालय विकास प्रस्तावना (विस्तृत विवरण सहित)

(ख) कार्य अनुभव प्रमाणित हुने पत्र

(ग) शैक्षिक योग्यताको डिभिजन खुल्ने प्रमाण पत्र

(घ) शिक्षकको नियुक्ति पत्र

(ङ) तालिमको प्रमाणपत्र

(च) प्रधानाध्यपकको लागि अयोग्य नभएको स्वघोषणा

(छ) कुनै प्रकारको अभियोगमा अदालतबाट दोषी तथा सजाय नभएको स्वघोषणा

(२) दर्खास्त शुल्क तोक्दा तहअनुसार क्रमश रू ८००, १००० र १५००। भन्दा बढी नलिने गरी व्यवस्था गर्नुपर्नेछ।

(३) कुनै विद्यालयको विज्ञापनमा १ एक जनामात्र उम्मेद्वार भए तापनि नियुक्ति सिफारिस हुन यस कार्यविधिको मापदण्ड अनुसार कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ।

**८. प्रधानाध्यापक सिफारिसका लागि मूल्याङ्कनः** (१) प्रथम चरणको मूल्याङ्कन सम्बन्धित विद्यालयको प्रधानाध्यापक छनौट समितिले गर्ने छ।

(२) प्रथम चरणको मूल्याङ्कन देहायको आधारमा गरिनेछ।

(क) विद्यालय विकास प्रस्तावना मूल्याङ्कन,

(ख) कार्य अनुभव मूल्याङ्कन,

(ग) नेतृत्व तथा व्यवस्थापकीय क्षमता मूल्याङ्कन ।

(३) उपदफा (२) बमोजिम प्रथम चरणको परीक्षा/ मूल्याङ्कन गरी विद्यालय स्तरीय प्रधानाध्यापक छनौट समितिले गोप्य सिलबन्दी गरी योग्य उमेद्वारहरूलाई वर्णानुक्रमका आधारमा दोस्रो चरणको परीक्षाका लागि नगरपालिकामा दोस्रो चरणको मूल्याङ्कनका लागि सिफारिस गर्नु पर्नेछ।

(४) दोस्रो चरणको परीक्षा/मूल्याङ्कन नगरपालिका स्तरीय प्रधानाध्यापक छनौट समितिले नगरपालिकामा सञ्चालन गर्ने छ।

(५) दोस्रो चरणको परीक्षा/मूल्याङ्कन देहायको आधारमा हुनेछ।

(क) विद्यालय विकास प्रस्तावनाको प्रस्तुतीकरण र समूह छलफल,

(ख) शैक्षिक योग्यता

(ग) तालिम

(घ) अन्तर्वार्ता

(६) नियुक्तिका लागि सिफारिस प्रकृया

(क) दोस्रो चरणको मूल्याङ्कन पछि मात्र प्रथम चरणको गोप्य सिलबन्दी अङ्क मुचुल्का सहित खोली जोड जम्मा गरी प्रमाणि गर्ने,

(ख) समष्टीगत योग्यताक्रम तयार गर्ने,

(ग) योग्यताक्रम १ का उम्मेद्वारलाई प्रधानाध्यापक करार नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गरी २ जना सम्म बैकल्पिक राख्ने,

(घ) बैकल्पिक नियुक्ति हुने अवस्था १ वर्ष सम्म रहने।

**९. विद्यालय स्तरीय प्रधानाध्यापक छनौट समितिः** (१) विद्यालय स्तरीय छनौट समिति देहाय बमोजिम हुनेछ।

(क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिले तोकेको नियुक्ति हुने पद भन्दा एक तह माथिको (माध्यमिक तहको हकमा माध्यमिक द्वितीय श्रेणी वा सो भन्दा माथिको शिक्षक) जुनसुकै विद्यालयको उम्मेद्वार हुने बाहेक २ जना शिक्षक विज्ञ सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको सचिवालय विद्यालयमा हुनेछ र प्रधानाध्यापक छनौट समितिको सदस्य सचिव समितिले तोके अनुसार हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम विज्ञको रोष्टर नगरपालिकाले तयार गरी अध्यवधिक गर्नेछ।

**१०. विद्यालय स्तरीय प्रधानाध्यापक छनौट समिति को काम कर्तव्यहरूः** (१) विद्यालय स्तरीय प्रधानाध्यापक छनौट समितिको काम कर्तव्यहरू देहाय अनुसार हुनेछ।

(क) रिक्त प्रधानाध्यापक पदको पदपूर्तीका लागि विज्ञापन गर्ने,

(ख) प्रथम चरणको परीक्षा तथा मूल्याङ्कनको मिति, समय र स्थान समेत उल्लेख गरी सूचना प्रकाशन गर्नुपर्नेछ,

(ग) मूल्याङ्कनको मापदण्ड पालना गर्ने,

(घ) परीक्षा तथा मूल्याङ्कनको गोपनियता कायम गर्ने,

(ङ) दोस्रो चरणको मूल्याङ्कनका लागि योग्य उम्मेद्वारहरूको नाम नगरपालिकामा सिफारिस गर्ने।

(च) दस्रो चरणको मूल्याङ्कनको नतिजा प्रकाशन पछि प्रथम चरणको सिलबन्दी प्राप्ताङ्क गोप्य रूपमा नगर स्तरीय प्रधानाध्यापक छनौट समितिलाई उपलब्ध गराउने।

**११. नगरपालिका स्तरीय प्रधानाध्यापक सिफारिस समितिः** (१) नगरपालिका स्तरीय प्रधानाध्यापक छनौट समिति देहाय बमोजिम हुनेछ।

(क) प्रमुख प्रशासकिय अधिकृत संयोजक

(ख) योजना तथा प्रशासन शाखा प्रमुख सदस्य

(ग) नगरपालिका वा जिल्लामा कार्यरत कम्तिमा माध्यमिक तहको प्रधानाध्यपकको योग्यता पुगेको प्रधानाध्यापक भैसकेको प्रधानाध्यापक वा शिक्षक मध्ये नगर कार्यपालिकाबाट तोकेको १ जना विज्ञ सदस्य सदस्य

(घ) शिक्षा विकास तथा समन्वय इकाइको अधिकृत प्रतिनिधि १ जना सदस्य

(ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

**१२. विज्ञ सदस्यको योग्यताः** (१) विद्यालय स्तरीय प्रधानाध्यापक छनौट समिति र नगरपालिका स्तरीय प्रधानाध्यापक छनौट समितिको विज्ञ सदस्यको योग्यता सम्बन्धित तहका लागि तोकिएको अतिरिक्त देहाय बमोजिम हुनेछ।

(क) आधारभूत तहको लागि न्यूनतम द्वितीय श्रेणीमा स्नातक र माध्यमिक तहको लागि न्यूनतमा द्वितीय श्रेणीमा स्नातकोत्तर गरेको,

(ख) शिक्षक सेवा वा शिक्षा सेवामा न्यूनतम १० वर्षसम्म निरन्तर अस्थायी/स्थायी सेवा गरेको कार्यरत वा अवकास प्राप्त शिक्षक वा कर्मचारी,

(ग) उच्च नैतिक चरित्र भएको,

**१३. विज्ञ तथा समितिले पालना गर्नुपर्ने आचरणः** (१) प्रधानाध्यापक छनौट समितिका पदाधिकारी र विज्ञले यस दफा बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ।

(क) परीक्षा सञ्चालन सम्बन्धी शिक्षा ऐन एवम् प्रचलित कानूनको पालना,

(ख) समितिको काम कारवाहीको गोपनियता कायम,

(ग) कार्यविधि र कार्यविधिले तोकेको मापदण्डहरूको पालना,

(घ) मूल्याङ्कनमा निष्पक्षता र स्वाच्छता कायम गर्ने

**१४. नगरपालिकास्तरीय प्रधानाध्यापक छनौट समितिका काम कर्तव्य र अधिकारहरूः** (१) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको उम्मेद्वारका लागि छनौट परीक्षा सञ्चालन गर्ने,

(२) दोस्रो चरणको परीक्षा सञ्चालन सम्बन्धी कामको अनुगमन गर्ने,

(३) परीक्षा सम्बन्धी गोपनियता कायम गर्न आवश्यक आचार संहिता कायम गर्ने,

(४) विद्यालयबाट प्राप्त मूल्याङ्कनको अङ्क गोप्यरूपमा समष्टीमा प्रविष्टी गर्ने

(५) योग्यता क्रमअनुसार उम्मेद्वारको सूची प्रकाशन गर्ने।

(६) प्रधानाध्यापक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्ने।

(७) प्रधानाध्यापक छनौटका लागि पाठ्यक्रम/मापदण्ड तथा प्रक्रियमा सुधारका लागि सुझाव दिने।

## परिच्छेद ५

## प्रधानाध्यापक छनौट सम्बन्धी मापदण्ड

**१५. प्रधानाध्यापकका उम्मेद्वारको मूल्याङ्कनः** (१) प्रधानाध्यापक छनौट गर्न १०० पूर्णाङ्कको मूल्याङ्कन गरिनेछ।

(२) छनौट परीक्षा तथा मूल्याङ्कन २ चरणमा हुनेछ जसमध्ये पहिलो चरण ५० पूर्णाङ्कको हुनेछ।

(३) दोस्रो चरणको परीक्षा तथा मूल्याङ्कन ५० अङ्कको हुनेछ।

(४) दुबै चरणको छनौट परीक्षा तथा मूल्याङ्कन एकै दिन पनि सञ्चालन र सम्पन्न गर्न सकिनेछ।

**१६. पहिलो चरणको परीक्षा तथा मूल्याङ्कनको मापदण्डः** (१) विद्यालय विकास प्रस्तावको मूल्याङ्कन २८ अङ्क

**(क) विद्यालय विकास प्रस्तावना मूल्याङ्कनमा २८ अङ्क प्रदान गर्ने आधारहरू**

अ) प्रस्तावनामा विद्यालयको भौतिक, शैक्षिक, सामाजिक र अन्य विविध आयामको अवस्था पहिचान र विश्लेक्षण गरी सोही आधारमा उपयुक्त दूरदृष्टि सहित समस्या समाधानको लागि उपायहरू स्रोत साधन र जनशक्ति पहिचान एवम् परिचालन गरी विद्यालय विकास गर्ने मौलिक र कार्यन्वयनयोग्य कार्ययोजनाको मूल्याङ्कन गरी न्यून, मध्यम र उत्तमको बढीमा १४ अङ्क

आ) विद्यालय विकासमा परम्परागत र आधुनिक रणनितीको पहिचान सन्तुलित प्रयोगको मूल्याङ्कन गरी न्यून, मध्यम र उत्तमको बढीमा ४ अङ्क

इ) विविध सिकाइ क्रियाकलाप पहिचान र तिनको प्रभाव बढाउने मौलिक उपायहरू सहित क्रियाकलापको औचित्यपूर्ण प्रस्तुतीकरणको मूल्याङ्कन गरी न्यून, मध्यम र उत्तम गरी बढीमा ४ अङ्क

ई) शिक्षाको राष्ट्रिय, स्थानीय योजना र विद्यालय विकास योजनासँग तदम्यता वा सम्बन्धको तालमेल मूल्याङ्कन गरी न्यून, मध्यम र उत्तमको बढीमा ४ अङ्क

उ) विद्यालय विकास प्रस्तावको भौतिक र भाषिक पक्षको मूल्याङ्कन २ अङ्क

**(ख) कार्य अनुभवको मूल्याङ्कन १०**

अ) स्थायी शिक्षकको हकमा नगरपालिकाबाट अनुभवको वर्ष उल्लेख गरि प्रमाणित गरिएको सम्बन्धित तहमा शिक्षण गरेको स्थायी सेवा अनुभवको आधारमा प्रतिवर्ष २ अङ्कका दरले बढीमा १० अङ्क प्रदान गर्ने।

आ) अस्थायी वा करार सेवा समेत भएका शिक्षकको हकमा नगरपालिकाबाट अनुभवको वर्ष उल्लेख गरि प्रमाणित गरिएको सम्बन्धित तहमा शिक्षण गरेको अस्थायी वा करार सेवा अनुभवको आधारमा प्रतिवर्ष १ अङ्कका दरले बढीमा ५ अङ्क प्रदान गर्ने।

इ) अनुभव गणना गर्दा चानचुन महिना हुन आएमा सूचना प्रकाशन भएको मिति सम्मको महिना गणना गरी दामसाही अङ्क प्रदान गर्ने।

ई) स्थायी र अस्थायी दुबै सेवा अवधी भएका शिक्षकको हकमा १० अङ्कमा नबढ्ने गरी खण्ड (अ) र (आ) दुबै प्रकारको सेवा अवधी गणना गरिने छ।

**(ग) नेतृत्व तथा व्यवस्थापकीय क्षमता १२**

अ) विद्यालयले तोकेको कुनै पनि क्षेत्रमा निर्वाह गरेको व्यवस्थापकीय कार्यकुशलता,

आ) विद्यालयको कार्यसम्पादनमा कार्यकुशलता,

इ) विगतमा प्रधानाध्यापक पद भई गरेको व्यवस्थापकीय कार्यकुशलता,

ई) नेतृत्व सीप र प्रयोग गर्ने क्षमता

उल्लिखित आधारमा विद्यालयस्तरीय समितिका सदस्यले प्रदान गरेको अङ्कको औषत दिनुपर्नेछ।

(२) विद्यालय स्तरीय समितिले यस दफाको चरण अनुसार मूल्याङ्कन गरी तोकिएको ढाँचामा समष्टी तयार गरी नगरपालिकामा गोप्य रूपमा पेश गर्नुपर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालय व्यवस्थापन समितिले नगरस्तरीय समितिलाई पहिलो चरणको मूल्याङ्कन समेत गर्न सिफारिस गरेमा नगरस्तरीय समितिबाट यसै दफाको मापदण्ड अनुसार मूल्याङ्कन गर्न बाधा पर्नेछैन।

**१७. दोस्रो चरणको मूल्याङ्कन मूल्याङ्कनको मापदण्डः** (१) दोस्रो चरणको मूल्याङ्कनका मापदण्ड देहाय अनुसार हुनेछ।

**(क) विद्यालय विकास प्रस्तावनाको प्रस्तुतीकरण र समूह छलफल २०**

अ) विद्यालय विकास प्रस्तावको संक्षेपीकरण तयारी र प्रस्तुतीकरणमा प्रविधिको पहिचान र प्रयोग ४ अङ्क

आ) दिइएको समयमा प्रस्तुतीकरण तथा समयको परिपालना २ अङ्क

इ) समूह प्रस्तुतीकरणमा विषयवस्तु र तर्कबाट अन्य पक्षलाई प्रभाव पार्ने उपयुक्त क्षमता ८ अङ्क

ई) तर्कपूर्ण प्रस्तुती र छलफलमा उठेका प्रश्नको मौलिक तर्क सहित  समधान ६ अङ्क

उ) प्रस्तुतीकरणको तयारी सबैलाई २० मिनेट र प्रस्तुतीकरणको समय प्रत्येक उम्मेद्वार १० मिनेट हुनेछ। र समूह छलफल २५ मिनेट प्रति समूह समूहमा ६ जना सम्म राखिनेछ।

**(ख) शैक्षिक योग्यता १०**

अ)  न्यूनतम योग्यता ७ अङ्क मध्ये प्रथम श्रेणी भए ७, द्वितीय श्रेणी भए ५ र तृतीय श्रेणी भए ३ अङ्क प्रदान गर्ने

आ) माथिल्लो योग्यताबापत ३ अङ्क मध्ये प्रथम श्रेणी भए ३, द्वितीय श्रेणी भए २ र तृतीय श्रेणी भए १ अङ्क प्रदान गर्ने। ( माध्यमिक तहको लागि माथिल्लो यग्यता एम फील)

**(ग) तालिम ५ अङ्क**

अ) प्रधानाध्यापक/ व्यवस्थापन तालिम प्रथम श्रेणी भए ५अङ्क द्वितीय श्रेणी ३ अङ्क

आ) प्रधानाध्यापक/ व्यवस्थापन तालिम नलिएको तर शिक्षा शास्त्र संकायबाट न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको भए २

**(घ) अन्तरवार्ता १५ अङ्क**

अ) विषयवस्तुको ज्ञान

आ) विषयवस्तुको प्रस्तुतीकरण शैली

इ) समग्र व्यक्तित्व

तर अन्तरवार्ताको अङ्क प्रदान गर्दा न्यूनतम ४० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिनु परेमा स्पष्ट कारण दिनुपर्नेछ।

(२) नगर स्तरीय समितिले यस दफामा तोकिएको खण्डको मूल्याङ्कन गरी तोकिएको ढाँचामा समष्टी तयार गरी सहीछाप गरी गोप्य रूपमा खामबन्दी गर्नुपर्नेछ।

(३) दुवै खामबन्दी रितपूर्वक मुचुल्का गरी खोलेर तोकिएको ढाँचामा समष्टी अङ्क तयार गरी कूल पूर्णाङ्कको ६० प्रतिशत भन्दा बढी प्राप्ताङ्क ल्याउने मध्ये सबै भन्दा बढी अङ्क ल्याउने शिक्षकलाई योग्यताक्रम १ कायम गरी प्रधानाध्यपक नियुक्तिका लगि विद्यालय व्यवस्थापन समिति सिफारिस गर्ने। यदि कुनै विज्ञापनमा बराबरी अङ्क प्राप्त भएमा नोकरीको ज्येष्ठतालाई आधारमानी ज्येष्ठलाई सिफासिर गरिनेछ। समष्टीको अभिलेख ढाँचा अनुसूची अनुसार हुनेछ।

(४) अन्तिम नतिजा प्रकाशन गर्दा २ जना सम्मलाई बैकल्पिक सूचीमा राखी अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ। नतिजा प्रकाशन ढाँचा अनुसूचीमा तोकिए अनुसार हुनेछ।

(५) यस कार्यविधि अनुसार गरिने मूल्याङ्कन सम्बन्धी अभिलेखको गोपनीयता प्रचलित कानुन बमोजिम हुनेछ।

१८. **प्रधानाध्यापकको सिफारिस र नियुक्तिः** (१) प्रधानाध्यापक छनौटका लागि प्रथम चरण र दोस्रो चरण (विद्यालय प्रस्तावना, विद्यालय प्रस्तावना मूल्याङ्कन, शैक्षिक योग्यता, सेवा गरेको अनुभव वर्ष, नेतृत्व क्षमता, व्यवस्थापकीय क्षमता र अन्तरवार्ता) को मूल्याङ्कनबाट प्राप्त गरेका प्राप्ताङको आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारको नाम नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गरिनेछ। सिफारिस गर्दा बढीमा २ जना बैकल्पिकमा सिफारिस गर्नुपर्नेछ।

(२) सिफारिस भएको शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले ५ वर्षको लागि करार संझौता गरी नियुक्ति गर्नुपर्नेछ।

(३) विद्यालय व्यवस्थापन समितिले प्रत्येक शैक्षिक सत्रको अन्त्यमा विद्यालय सुधार योजना अध्यावधिक गर्न र करारमा उल्लिखित पक्षको समीक्षा गर्नुपर्नेछ।

(४) यस कार्यविधि अनुसार सिफारिस भएका प्रधानाध्यापलाई करार गरी कामकाज लगाउने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ। कुनै कारण देखाई कामकाज नलागाएमा सिफारिस भएका शिक्षक अन्य विद्यालयमा दरवन्दी सहित नगर शिक्षा समितिले काजमा खटाइ शिक्षकको रूपमा काम लगाउनेछ।

**१९. प्रधानाध्यापक नियुक्ति र शिक्षक सरूवाः** (१) कुनै विद्यालयको रिक्त प्रधानाध्यापक पदमा दफा ५ को (३) र (४) अनुसार प्रधानाध्यापक नियुक्ति भएको विद्यालयमा त्यसरी नियुक्ति भएको शिक्षकलाई नगर शिक्षा समितले कार्यरत विद्यालयबाट रिक्त पदमा सरूवा गर्नेछ। यस उपदफाका लागि विद्यालयको सहमति अनिवार्य रहने छैन।

(२) प्रधानाध्यापकको पद रिक्त रहेको विद्यालयमा विषय मिल्ने शिक्षक सिफारिस नभएमा विद्यालयसँग समन्वय गरि विषय र तह समेत मिल्ने शिक्षकसँग नगर शिक्षा समितिले दरबन्दी सहित पारस्परिक सरूवा गर्नेछ। शिक्षक सरूवा गर्दा विद्यालयको विषय परिवर्तन गर्न पाईने छैन।

(३) उपदफा (१) अनुसार प्रधानाध्यापक नियुक्ति गर्दा विद्यालयमा रिक्त पदको विषयसँग मिल्ने विषयको शिक्षक नियुक्ति भएमा रिक्त पदमा स्वात पदस्थापन हुनेछ।

(४) उपदफा (३) अनुसार विषय नमिल्ने भएमा शिक्षा ऐन र नियमावालीको प्रकृया अनुसार निम्न माध्यमिक र माध्यमिक तहको हकमा विषयगत दरवन्दी परिवर्तन नहुने गरी रिक्त हुनुपूर्वको दरबन्दी कायम राखी नगरस्तरमा दरबन्दी मिलान गर्नुपर्नेछ।

(५) यस दफा अनुसार शिक्षकको सरूवा गर्दा प्रधानाध्यापक रिक्त भएको र प्रधानाध्यपक सिफारिस भएको शिक्षक कार्यरत विद्यालयमा मात्र सिमित हुनुपर्नेछ। यसरी सरूवा गर्दा कुनै पनि विद्यालयको मौजुदा दरबन्दी सङ्ख्या घटी वा बढी हुने गरी सरूवा गरिने छैन।

(६) यस दफा अनुसार सरूवा गरिएको शिक्षक सरूवा गरिएको विद्यालयमा हाजिर भइ कामकाज गर्नुपर्नेछ।

**२०. प्रधानाध्यापकसँग गरिने करार संझौताः** (१) कार्यविधिको उद्देश्य प्राप्त हुने गरी नगरपालिकाले तोकेको ढाँचामा विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकसँग करार संझौता गर्नेछ।

(२) करार संझौतामा विद्यालय विकास प्रस्तावनाको कार्यान्वयनका विषयहरू समावेश गरी नियमित अनुगमन र समीक्षा गरिनेछ।

(३) विद्यालय विकास योजना कार्यान्वयनको समीक्षामा गरी विद्यालय व्यवस्थापन समिति र नगरपालिकाले शैक्षिक पक्षको सुधारका लागि सहयोग गर्नुपर्नेछ।

(४) करार संझौताको पालना नभएमा विद्यालय व्यवस्थापन समितिले करार भंग गर्नेछ।

(५) उपदफा (४) अनुसार करार भंग गर्नु अघि निजलाई सफाइको लागि उचित अवसर दिनुपर्नेछ।

(६) यस दफा अनुसार करार भंग भएको अवस्थमा प्रधानाध्यापकको पद रिक्त रहेको मानिनेछ।

## परिच्छेद ६

## प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार

**२१. प्रधानाध्यापकको काम कर्तव्यः** (१) प्रधानाध्यापकको काम कर्तव्य संघीय शिक्षा ऐन र नियमावलीको व्यवस्था र नगर शिक्षा ऐन र कार्यविधिमा तोकिए अनुसार हुनेछ।

(२) कार्यविधिको उद्देश्य पूरा गर्न नगरपालिकाबाट निर्णय गरी थप जिम्मेवारी दिन सकिनेछ।

(३) ऐन, नियमावली, कार्यविधि, नगरपालिका र विद्यालयले तोकेका कार्य सम्पादन गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

## परिच्छेद ७ विविध

**२२. प्रधानाध्यापक भत्ताः** (१) ×.......

∞....... १) क) यस कार्यविधिको प्रकृया पूरा गरि नियुक्ति भएका प्रधानाध्यापकहरूलाई अन्यत्र तोकिएको अतिरिक्त विद्यालयमा रहेको विद्यार्थी सङ्ख्यालाई आधारमानी शिक्षा नियमावली, २०५९ को (विक्रम सम्वत २०८३ सालमा कायम रहेको प्रधानाध्यापक भत्ता रकमको) तल तोकिएको थप रकम अधिकतम १० महिनाको प्रधानाध्यापक प्रोत्साहन भत्ता दिईनेछ।

| क्रस | तह | विद्यार्थी सङ्ख्या | साविक भत्ता रू | स्थानीयबाट थप प्रोत्साहन रकम रू |
|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) | १०० सम्म | २०० | १००० |
| २ | आधारभूत तह (कक्षा १-५) | १०१ देखि माथि | २०० | १५०० |
| ३ | आधारभूत तह (कक्षा १-८) | १५० सम्म | ३०० | १५०० |
| ४ | आधारभूत तह (कक्षा १-८) | १५१ देखि माथि | ३०० | २००० |
| ५ | माध्यमिक तह (कक्षा १-१२) | १५० सम्म | ५०० | १५०० |
| ६ | माध्यमिक तह (कक्षा १-१२) | १५१ देखि ४०० सम्म | ५०० | २००० |
| ७ | माध्यमिक तह (कक्षा १-१२) | ४०१ देखि ९०० सम्म | ५०० | २५०० |
| ८ | माध्यमिक तह (कक्षा १-१२) | ९०१ देखि माथि | ५०० | ३००० |

(२) कार्य सम्पादनको आधारमा नगरपालिकाबाट पुरस्कार तथा सम्मान गरिनेछ।

**२३. निमित्त प्रधानाध्यापकः** (१) प्रधानाध्यापक विद्यालयमा कुनै कारणले उपस्थित नरहेको अवस्थामा वा रिक्त भएको अवस्थामा पदपूर्ति नभए सम्म विद्यालयको प्रशासनिक कामकाज सञ्चालन गर्न विद्यालयको सबै भन्दा बरिष्ठ योग्यताक्रमका शिक्षकलाई निमित्त प्रधानाध्यापकको काम गर्न विद्यालय व्यवस्थापन समितिले निर्णय गरि तोक्न सक्नेछ। तर बरिष्ठतम शिक्षकले असमर्थ रहेको लिखित

×.......पहिलो संशोधनबाट झिकिएको

∞....... पहिलो संशोधनबाट थपिएको

जानकारी दिएमा निकतम वरिष्ठलाई तोक्न सक्नेछ। यसरी तोकिएको निमित्तको पदावधि बढीमा ३ महिनाको हुनेछ। यसरी तोकिएको निमित्त प्र अ ले प्र अ सो सरहको प्र अ भत्ता पाउनेछ।

**२४. प्रधानाध्यापक नियुक्ति प्रक्रिय सम्पन्न गर्ने अवधीः** (१) यस कार्यविधि बमोजिम प्रधानाध्यापकको पद रिक्त भएको मितिले ६० दिन भित्र सम्पूर्ण कार्य सम्पन्न गरिसक्नुपर्नेछ।

**२५. दण्ड, जरिवाना र सजायः** (१) यस कार्यविधिका प्रावधानहरूको उल्लघन गरेको पाईएमा कसुर अनुसार प्रचलित कानुन बमोजिम छानवीन, अनुसन्धान र दण्ड जरिवाना गर्न सकिनेछ।

(२) सजाय दिने निकायले सजायको आदेश दिनुभन्दा पहिले सफाई पेश गर्ने अवसर दिइनेछ।

**२६.विविधः (१)** यस कार्यविधिमा तोकिएको कार्यहरू सम्पादन गर्न नेपाल सरकार र स्थानीय मापदण्ड अनुसार खर्च गर्न नगरपालिकाले बजेट व्यवस्था गर्नुपर्नेछ।

**२७. बाधा अड्काउ फुकाउः** (१) कार्यविधि कार्यान्वयनमा कुनै अस्पष्टता वा बाधा अड्काउ देखिएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

(२) कार्यविधि लागु भए पछि कार्यविधिमा तोकिएको अवधि सम्म कार्यविधि लागु हुँदाका समयमा कार्यरत प्रधानाध्यापहरू बहाल रहनेछन।

**२८. खारेजी तथा बचाउः** (१) यो कार्यविधि संघीय र प्रदेश कानूनसँग बाझिएमा त्यसरी बाझिएको हकमा संघीय कानूनबमोजिम हुनेछ।

अनुसूचीः १

पहिलो चरणको मूल्याङ्कन फारम

विद्यालय विकास प्रस्तावना मूल्याङ्कन र नेतृत्व तथा व्यवस्थापकीय क्षमता मूल्याङ्कन

जम्मा पूर्णाङ्क ४०

फारम नं (क) मूल्याङ्कनकर्ताले प्रयोग गर्ने फारम केरमेट र टिपेक्स लगाएको पाईएमा मूल्याङ्कनकर्ता र अभिलेख राख्ने जिम्मेवार हुनुपर्नेछ।

| क्र.स. | शिक्षकको नाम | संकेत नं. | विद्यालय विकास प्रस्तावना मूल्याङ्कन (२८) | नेतृत्व तथा व्यवस्थापकीय क्षमता मूल्याङ्कन (१२) | जम्मा प्राप्ताङ्क (४० मध्ये) | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

समितिका सदस्यहरूले अलग अलगा फारमको प्रयोग गरी अङ्क दिने र मूल्याङ्कनकर्ताले न्यून, मध्यम र उत्तम श्रेणीमा राखी अङ्क प्रदान गर्नुपर्नेछ।

मूल्याङ्कनकर्ताको नाम थरः

पदः

मितिः

अनुसूचीः २

कार्य अनुभवको प्राप्ताङ्क अभिलेख फारम

पूर्णाङ्कः १०

| क्र.स. | शिक्षकको नाम | रोल नं. | स्थायी अनुभव वर्ष | अस्थायी अनुभव वर्ष | स्थायी अनुभव वापत अङ्क | अस्थायी अनुभव वापत अङ्क | जम्मा प्राप्ताङ्क | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

नोटः कार्यविधिमा तोकिएको आधारमा सेवा अवधि यकीन गरी अङ्क प्रदान गर्ने। कार्य अनुभव प्रमाणित वर्ष अनुसार प्रतिवर्षका दरले अङ्क प्रदान गरी अभिलेख तयार गरी समष्टीमा अभिलेख गर्न प्रमाणित गर्ने।

तयार गर्नेको नाम थरः　　　　　　　　　प्रमाणित गर्ने

पदः

मितिः

लेटाङ नगरपालिका

अनुसूचीः ३

पहिलो चरणको मूल्याङ्कनको समष्टीगत फारम

जम्मा पूर्णाङ्क ५०

फारम नं (क) मूल्याङ्कनकर्ताहरूको औषत अङ्क र कार्य अनुभवको अङ्कको फारम

| क.स. | शिक्षकको नाम | संकेत नं. | मूल्याङ्कन कर्ता १ | मूल्याङ्कन कर्ता २ | मूल्याङ्कन कर्ता ३ | मूल्याङ्कन कर्ता ४ | औषत अङ्क ४० मा | कार्य अनुभवको अङ्क १० मा | कुल प्राप्ताङ्क ५० मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |

नोटः १. मूल्याङ्कनकर्ताले दिएको अङ्कको फारमको आधारमा अङ्क जोड गरी सङ्ख्याले भाग गरी औषत राखे

तयार गर्नेः रूजु गर्ने प्रमाणित गर्ने

लेटाङ नगरपालिका

अनुसूचीः ४

दोस्रो चरणको मूल्याङ्कन फारम

विद्यालय विकास प्रस्तावना र प्रस्तुतीकरण

पूर्णाङ्कः २०

फारम नं (क) मूल्याङ्कनकर्ताले प्रयोग गर्ने फारम केरमेट र टिपेक्स लगाएको पाईएमा मूल्याङ्कनकर्ता र अभिलेख राख्ने जिम्मेवार हुनुपर्नेछ।

| क्र.स. | शिक्षकको नाम | संकेत नं. | विद्यालय विकास प्रस्तावना प्रस्तुतीकरण २०मा | अक्षरमा | कै |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

समितिका सदस्यहरूले अलग अलग फारममा मूल्याङ्कन गर्नुपर्नेछ। मूल्याङ्कनकर्ताले न्यून, मध्यम र उत्तम श्रेणीका आधारमा अङ्क प्रदान गर्नुपर्नेछ।

मूल्याङ्कनकर्ताको नाम थरः

पदः

मितिः

अनुसूचीः ५

प्रस्तुतीकरणबापत मूल्याङ्कनको औषत अङ्क फारम

जम्मा पूर्णाङ्क २०

फारम नं (ख) मूल्याङ्कनकर्ताहरूको औषत अङ्क फारम

| क्र.स. | शिक्षकको नाम | संकेत नं. | मूल्याङ्कन कर्ता १ | मूल्याङ्कन कर्ता २ | मूल्याङ्कन कर्ता ३ | मूल्याङ्कन कर्ता ४ | औषत अङ्क २० मा | अक्षरमा |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

नोटः १. मूल्याङ्कनकर्ताले दिएको अङ्कको फारमको आधारमा अङ्क जोड गरी सङ्ख्याले भाग गरी औषत राख्ने।

तयार गर्नेः रूजु गर्ने प्रमाणित गर्ने

लेटाङ नगरपालिका

अनुसूचीः ६

शैक्षिक योग्यताको प्राप्ताङ्क अभिलेख फारम

पूर्णाङ्कः १०

| क्र.स. | शिक्षकको नाम | रोल नं. | न्यूनतम योग्यताको डिभिजन | माथिल्लो योग्यताको डिभिजन | न्यूनतम योग्यताको प्राप्ताङ्क | माथिल्लो योग्यताको प्राप्ताङ्क | जम्मा प्राप्ताङ्क | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

पेश भएको प्रमाणपत्रको आधारमा कार्यविधिमा तोकिएको अङ्क प्रदान गरी अभिलेख प्रमाणित गर्ने। श्रेणी नखुलेकोमा (GPA मा भए ३.२ वा सोभन्दा माथि ४.० सम्म प्रथम श्रेणी, २.४ वा सो भन्दा माथि ३.२ भन्दा कम लाई द्वितीय श्रेणी र १.६ देखि २.४ भन्दा कमलाई तृतीय श्रेणीको अङ्क प्रदान गर्ने)

तयार गर्नेको नाम थरः

प्रमाणित गर्ने

पदः

मितिः

लेटाङ नगरपालिका

अनुसूचीः ७

तालिमको प्राप्ताङ्क अभिलेख फारम

प्रधानाध्यापक वा व्यवस्थापन तालिम लिएको भए सो वापत र नलिएको भए शिक्षा शास्त्रमा योग्यता प्राप्त गरेको आधारमा कुनै एउटा विधामा तालिम बापतको अङ्क दिने

पूर्णाङ्कः ५

| क्र.स. | शिक्षकको नाम | रोल नं. | व्यवस्थापन तालिम डिभिजन | प्राप्ताङ्क | शैक्षिक उपाधी संकाय | प्राप्ताङ्क | जम्मा प्राप्ताङ्क | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

पेश भएको प्रमाणपत्रको आधारमा कार्यविधिमा तोकिएको अङ्क प्रदान गरी अभिलेख प्रमाणित गर्ने। श्रेणी नखुलेकोमा (GPA मा भए ३.२ वा सोभन्दा माथि ४.० सम्म प्रथम श्रेणी, २.४ वा सो भन्दा माथि ३.२ भन्दा कम लाई द्वितीय श्रेणी र १.६ देखि २.४ भन्दा कमलाई तृतीय श्रेणीको अङ्क प्रदान गर्ने)

तयार गर्नेको नाम थरः प्रमाणित गर्ने

पदः

मितिः

अनुसूचीः ८

जम्मा पूर्णाङ्क अन्तर्वार्ताः १५

फारम नं (क) अन्तर्वार्ताकारले प्रयोग गर्ने फारम

| क्र.स. | परीक्षार्थीको नाम | रोल नं. | विषयवस्तुको ज्ञान (५) | व्यक्तित्व (५) | कानुन, कार्यविधि र समसामयिक जानकारी (३) | प्रस्तुतीकरण (२) | जम्मा १५ मा प्राप्ताङ्क | अक्षरमा | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

अन्तर्वार्ताकारले ४० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिनुपरेमा स्पष्ट कारण खुलाउनुपर्नेछ।

अन्तर्ताकारको नाम थरः

पदः

मितिः

लेटाङ नगरपालिका

अनुसूचीः ९

पूर्णाङ्कः १५

फारम नं (ख) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको समष्टी र औषत अङ्क तयारी फारम

| क्र.स. | परीक्षार्थीको नाम | रोल नं. | अन्तर्वार्ताकार (१) | अन्तर्वार्ताकार (२) | अन्तर्वार्ताकार (३) | ....वटैको जम्मा (१+२+....) | औषत अङ्क | अक्षरमा |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

प्रमाणित गर्ने कर्मचारीको दस्तखत

लेटाङ नगरपालिका

अनुसूची:१०

दोस्रो चरणकफ मूल्याङ्कनको समष्टीगत फारम

(विद्यालय पस्तावनाको संक्षिप्त प्रस्तुतीकरण२०, शैक्षिक योग्यताको मूल्याङ्कन १० र अन्तरवार्ता १५) जम्मा पूर्णाङ्कः ४५

| क्र.स. | परीक्षार्थीको नाम | रोल नं. | विद्यालय विकास प्रस्तावना प्रस्तुतीकरण २०मा | शैक्षिक योग्यता | अन्तरवार्ता | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्ने          प्रमाणित गर्ने

लेटाङ नगरपालिका

अनुसूची:११ अन्तिम समष्टीगत

पहिलो तथा दोस्रो चरणको मूल्याङ्कन सम्पन्न भएपछि नगरस्तरीय समितिको निर्णयानुसार सीलबन्दी खाम खोली अन्तिम नतिजा तयारी गर्न यो समष्टीगत फारम तयार गरी प्रमाणित गर्ने। यसको आधारमा नतिजा तयार गर्ने।

(प्रथम चरण ५० अङ्क र दोस्रो चरण: ५० अङ्क) दुबैको जम्म पूर्णाङ्क: १००

| क्र.स. | परीक्षार्थीको नाम | रोल नं. | प्रथम चरणको अङ्क | दोस्रो चरणको अङ्क | जम्मा अङ्क | अक्षरमा | योग्यताक्रम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने                                                                                   प्रमाणित गर्ने

लेटाङ नगरपालिका

अनुसूचीः१२ सिफारिस

पहिलो तथा दोस्रो चरणको मूल्याङ्कनका आधारमा देहायअनुसार योग्यताक्रम कायम भएकोले योग्यताक्रम अनुसार प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गरिएको वेहोर सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ।

विज्ञापन नः

परीक्षामा सहभागि सङ्ख्याः सिफारिस सङ्ख्याः

| क्र.स. | परीक्षार्थीको नाम | रोल नं. | स्थायी ठेगाना | कार्यरत विद्यालय | सिफारिस भएको विद्यालय | योग्यताक्रम | नतिजा (सिफारिस/बैकल्पिक) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने प्रमाणित गर्ने

**आज्ञाले**

**नारायण न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**

लेटाङ नगरपालिका

लेटाङ नगरपालिका